निर्णय नं. १

धनकुटा नगर कार्यपालिकाको कार्यालयमा रिक्त रहेका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको रोजगार संयोजक र गरिवसंग विश्वेश्वर कार्यक्रम अन्तर्गतको सामाजिक परिचालकको पदपूर्तिका लागि उमेद्वार सिफारिस गर्न गठित पदपूर्ति समितिबाट सिफारिस भई आएका तपसिलमा उल्लेखित पदहरुका लागि निम्नानुसारका सफल उमेद्वारलाई नियुक्ति दिने निर्णय गरियो ।

तपसिल

(क) पद :–रोजगार संयोजक (अधिकृत, अधिकृतस्तर छैटौं)

नाम, थर :–श्री विकास अधिकारी, धनकुटा नगरपालिका वडा नं. ५

(ख) पदः–सामाजिक परिचालक (सहायकस्तर चौंथो)

नाम, थर :–श्री मिनादेवी भुजेल, धनकुटा नगरपालिका वडा नं. २

निर्णय नं २

धनकुटा नगर कार्यपालिकाको स्वामित्वमा रहेको दमकल चालक श्री बेचन सरदारले २४ घण्टे सेवामा रहनु पर्ने हुनाले रासन सुविधा पाउँ भनि दिएको निवेदन उपर आजको बैठकमा छलफल हुँदा चौविसै घण्टा सेवामा रहनु पर्ने कर्मचारीले रासन सुविधा पाउने भएको हुनाले हाल दमकल चलाए वापत प्रति पटक उपलब्ध गराउँदै आएको रु.१,०००।– बन्द गरी नगर प्रहरीले मासिक रुपमा पाए सरहको रासन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ३

चालु आ.व. को वार्षिक कार्यक्रम अनुसार वडा नं. ७ को वडास्तरीय कार्यक्रमको, ब.शि.नं. २२५१२ फुटबल प्रशिक्षण कार्यक्रम र ब.शि.नं. ३११२ द सेभेन युथ क्लब भवन निर्माण शिर्षक परिवर्तत गरी रामालिहाङ्ग रिदामाहाङ्ग आठपहरिया महिला गोल्ड कप शिर्षक कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.४

चालु आ.व.को वार्षिक कार्यक्रम अनुसार वडानं. ९ को वडास्तरीय योजना ब.शि.नं. ३११७१ कन्यादेवी प्रा.वि. मर्मत सम्भार शिर्षक परिवर्तन गरी देउराली मा.वि. कम्पाउण्ड घेराबारा र ब.शि.नं. ३११५९ अन्य सार्वजनिक निर्माण शिर्षक शहिद दिपक तिवारीको प्रतिमा संरक्षणलाई परिवर्तन गरी  तामाङ्ग जातिको भेषभुषा खरिद शिर्षक कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

अपाङ्गता रोकथामतथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत समुदायमा आधरित पुनर्स्थापना सहजकर्ता छनौट सिफारिस समितिबाट सिफारिस भई आएका तपसिलमा उल्लेखित समुदायमा आधारित पुनर्स्थापना सहजकर्तालाई नियुक्ति दिने निर्णय गरियो ।

तपसिल

१. श्री कलिना दर्नाल, धनकुटा नगरपालिका वडा नं. ४

२. श्री गीता राया, धनकुटा नगरपालिका वडा नं ७

३. श्री पुनम राई , शहिदभूमि गा.पा. ४

४. श्री सुस्मिता कटुवाल, धनकुटा नगरपालिका वडा नं. ६

निर्णय नं. ६

धनकुटा नगरपालिका वडा नं. २ भिरगाउँमा रहेको लोकप्रिय युवा क्लब भवन निर्माणका लागि चालु आ.व. को मर्मत सम्भार कोषबाट रु. २,००,०००।–(दुई लाख) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

चालु आ.व.मा तपसिलमा उल्लेखित ब.शि.नं. र शिर्षकमा विनियोजित रकमबाट स्वीकृत भई सञ्चालन भएका योजना एवं कार्यक्रम र सोका लागि विनियोजित रकम अनुमोदन गर्ने निर्णय गरियो ।

निम्न :–

(क) ब.शि.नं. ३११७१ अन्य निर्माण सुधार शिर्षक
१. धर्मगंगा कैलाशनाथ धाम विकास समिति ध.न.पा. ६ रु. २५,०००।–
२. मार्गाथान लेक्सेरे चाम्जिबुङ्ग कृषि सडक, ध.न.पा. ८ रु.१,००,०००।–
३. शहिद सरोकार समाज, ध.न.पा. ७ रु.६०,०००।–

निर्णय नं. ८

चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार धनकुटा नगरपालिका वडा नं. ५ बिहिबारे हटियामा प्रदेश सरकारको साझेदारीमा निर्माण हुन लागेको पशु बधशालाका लागि नगरपालिकाको साझेदारी रकम रु.२६,००,०००।–(छब्बिस लाख) स्वीकृत भएको छ । उक्त योजना  निर्माणका लागि ठेक्का वन्दोवस्त गर्ने क्रममा घटीमा ठेक्का लागेको हुनाले नागरपालिकाको साझेदारीमा बचत रहेको रकम रु. ५,००,०००।–(पाँच लाख) बाट धनकुटा नगरपालिकाको नाममा रहेको ध.न.पा. ७ सब्जी पसलमा रहेको व्यापारिक भवन मर्मतका लागि रु.१,५०,०००।– र विभिन्न समूहलाई उपलब्ध गराइएको पाइपको भुक्तानीका लागि रु.३,५०,०००।– स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

धनकुटा नगर कार्यपालिकाको निर्णयानुसार धनकुटा नगरपालिका वडा नं.१० मा खानेपानी योजना सञ्चालनका लागि कि.नं.२८९ क्षेत्रफल १–०–१–० को भिम बहादुर मगरका नाममा दर्ताश्रेष्ता कायम रहेको जग्गामा रहेको खानेपानीको मूल सहितको जग्गा मिति २०७६/१०/०९ मा धनकुटा नगरपालिकाको नामा दर्ता नामसारी भई आईसकेको छ । उक्त खानेपानी योजना सञ्चालनका लागि खरिद गरिएको जग्गाको मूल्य, ८,००,०००।– (आठ लाख) मध्ये उपभोक्ताको तर्फबाट रु.२,००,०००।– (दुई लाख) र नगरपालिकाको तर्फबाट रु.६,००,०००।–(छ लाख) व्यहोर्नु पर्ने भएको हुनाले चालु आ.व. को स्वीकृत कार्यक्रम ब.शि.नं. ३११५६ डुम्रे खानेपानी योजनाको शिर्षक परिवर्तन गरी खोनपानी योजनाका लागि पानी मूल सहित जग्गा खरिद र ब.शि.नं. ३१११५ सालबोटे सिंचाई योजना (डुम्रे सान्ने) को शिर्षक परिवर्तन गरी खानेपानी योजनाका लागि पानी मुल सहित जग्गा खरिद शिर्षक कायम गरी उक्त दुबै शिर्षकमा रहेको रकम जग्गावालालाई भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १०

धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट चालु आ.व. को श्रावण महिना देखि सञ्चालन भएका र आ.व.को बाँकी अवधिमा सञ्चालन हुने पदपूर्ति सम्बन्धी परीक्षामा हुने सबै प्रकारका खर्चका लागि चालु आ.व.मा कन्टिन्जेन्सी वापत प्राप्त हुने रकमबाट पुदपूर्ति सम्बन्धी खर्च शिर्षकमा रु.५,००,०००।–(पाँच लाख) स्वीकृत गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने विभिन्न पदपूर्ति सम्बन्धी परीक्षाका क्रममा सञ्चालन हुने विविध गतिविधीहरुको भुक्तानीका लागि तपसिलमा उल्लेखित दररेट स्वीकत गर्ने निर्णय गरियो ।

तपसिल

१. बैठक

(क) पदपूर्ति समिति/परीक्षा सञ्चालन समिति/उपसमितिको बैठक भत्ता प्रति बैठक रु.१,०००।–

२. प्रश्न पत्र निर्माण

(क) वाह्य विज्ञद्वारा प्रश्न पत्र निर्माण

लोकसेवा आयोगको मिति २०७२/०४/२९ को निर्णयानुसार २०७५/०५/०१ देखि लागू हुने दररेट अनुसार हुने ।

(ख) आन्तरिक  रुपमा रहेका विज्ञद्वारा प्रश्न पत्र निर्माण

१. विषयगत पूर्णङ्क १०० को प्रश्न पत्र निर्माण वापत रु.२,०००।–

२. विषयगत पूर्णङ्क ५० सम्मको पशन पत्र निर्माण वापत रु.१,२००।–

३.विषयगत पूर्णङ्क ५० भन्दा कमको प्रश्न पत्र निमाण वापत रु. ८००।–

४.बहुउत्तर वस्तुगत प्रति प्रश्न (अधिकृतस्तर) रु. १००।–

५. बहुउत्तर वस्तुगत प्रति प्रश्न(सहायकस्तर) रु.७५।–

३. परीक्षा सञ्चालन

(क) १ घण्टा सम्मको परीक्षा सञ्चालन

१. सुपरीवेक्षक रु. ९००।–

२. परीक्षा नियन्त्रक रु. ९००।–

३.केन्द्राध्यक्ष रु.७००।–

४.समन्वयकर्ता रु.५००।–

५.निरीक्षक रु. ३००।–

६. सहयोगी रु.२००।–

७. चालक रु. २००।–

प्रहरी तर्फ

१. प्रहरी निरीक्षक रु. १९०।–

२.प्रहरी नायब निरीक्षक रु.१७५।–

३.प्रहरी सहायक निरीक्षक रु.१६०।–

४.प्रहरी हवल्दार रु.१५०।–

५. प्रहरी जवान रु.१००।–

(ख) १ घण्टा भन्दा वढी समयको परीक्षा सञ्चालन

१. सुपरीवेक्षक रु. १,२००।–

२. परीक्षा नियन्त्रक रु. १,२००।–

३.केन्द्राध्यक्ष रु.१,०००।–

४.समन्वयकर्ता रु.७००।–

५.निरीक्षक रु. ५००।–

६. सहयोगी रु.३००।–

७. चालक रु. ३००।–

प्रहरी तर्फ

१. प्रहरी निरीक्षक रु. २००।–

२.प्रहरी नायब निरीक्षक रु.१८५।–

३.प्रहरी सहायक निरीक्षक रु.१७०।–

४.प्रहरी हवल्दार रु.१६०।–

५. प्रहरी जवान रु.११०।–

सार्वजनिक विदाको दिन परीक्षा सञ्चालन भएमा उपर्युक्त दररेटमा नै पारिश्रमिक उपलब्ध गराइनेछ ।.

(४) प्रयोगात्मक परीक्षा

(क) सवारी चालक पदको प्रयोगात्मक परीक्षा दिने दक्षको रु.९००।–

(ख) सवारी चालक बाहेक अन्यको प्रयोगात्मक परीक्षा रु. ७५०।–

(५) उत्तरपुस्तिका परिक्षण

(क) विषयगत उत्तरपुस्तिका परिक्षण

१. २५ पूर्णाङ्क सम्मको उत्तरपुस्तिका परिक्षण गर्दा प्रति प्रश्न रु.३०।–

२. ५० पूर्णाङ्क सम्मको उत्तरपुस्तिका परिक्षण गर्दा प्रति प्रश्न रु.५०।–

३. १०० पूर्णाङ्क सम्मको उत्तरपुस्तिका परिक्षण गर्दा प्रति पश्न रु.७०।–

(ख) वस्तुगत उत्तरपुस्तिका परिक्षण

१. २५ पूर्णाङ्क सम्मको उत्तरपुस्तिका परिक्षण रु.१००।–

२. ५० पूर्णाङ्क सम्मको उत्तरपुस्तिका परिक्षण रु.२००।–

३. १०० पूर्णाङ्क सम्मको उत्तरपुस्तिका परिक्षण रु. ४००।–

(६) अन्तर्वार्ता

१. अधिकृतस्तरको अन्तर्वार्तामा रहने व्यक्तिहरुलाई प्रति सिफ्ट रु. २,०००।–

२. सहायकस्तरको अन्तर्वार्तामा रहने व्यक्तिहरुलाई प्रति सिफ्ट रु.१,५००।–

३. श्रेणी विहिन स्तरको अन्तर्वार्तामा रहने व्यक्तिहरुलाई प्रति सिफ्ट रु.१,०००।–

(७) उत्तर कुञ्जिका तयारी

उत्तरकुञ्जिका तयारी गर्नेलाई दिइने पारिश्रमिक प्रति कर्मचारी प्रति सेट

१. २५ पूर्णाङ्क सम्मको प्रश्न रु.४०।–

२. ५० पूर्णाङ्क सम्मको प्रश्न रु.८०।–

३. १०० पूर्णाङ्क सम्मको प्रश्नरु. १२०।–

(८) मोडरेशन

१. वस्तुगत प्रश्न मात्र भएका प्रश्नपत्र र वस्तुगत र विषयगत दुबै प्रकारका प्रश्नहरुको प्रति सेट रु.१५०।–

२. नं. १ अनुसारका प्रश्न टाइप गर्ने कर्मचारी प्रति सेट रु.१२०।–

३. विषयतगत मात्र प्रश्न भए प्रति सेट  रु.१००।–

४. नं. ३ अनुसारका प्रश्न टाइप गर्ने कर्मचारी प्रति सेट रु.७५।–

धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने पदपूर्तिसंग सम्बन्धित परीक्षा सञ्चालन गर्दा माथि उल्लेख भए बाहेक अन्य कुनै पनि रकम उपलब्ध नगराउने ।

निर्णय नं. १२

शहिद रामकृष्ण श्रेष्ठ स्मृति प्रतिष्ठान धनकुटा ७ ले आयोजना गरेको १ नं. प्रदेश स्तरीय खुल्ला महिला  फुटबल प्रतियोगिता सञ्चालनका लागि धनकुटा नगरपालिकाको सहभागिता स्वरुप चालु आ.व. को स्वीकृत बार्षिक कार्यक्रम ब.शि.नं. ३११३२ मेयर कप खेलकुद शिर्षकबाट रु.२,००,०००।–(दुई लाख) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३

धनकुटा नगर कार्यपालिकाको कार्यालयको संगठन व्यवस्थापन सर्वेक्षण गरी शाखागत कर्मचारी व्यवस्थापन तथा कार्य विवरण तयारी गर्न आवश्यक भएको र उक्त शिर्षकमा विनियोजन भएको रकम गत बैठकबाट अन्यत्र विनियोजन गरिएको हुँदा उक्त कार्य चालु आ.व. मा नै सम्पन्न गर्न आन्तरिक स्रोतबाट रु.५,००,०००।–(पाँच लाख) स्वीकृत गरी कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १४

धनकुटा नगरपालिकाको कार्यालयमा रिक्त रहेका सब इन्जिनियर (सहायकस्तर पाँचौं) पद संख्या–१, असिस्टेण्ट सब इन्जिनियर (सहायकस्तर चौंथो) पद संख्या–१ र अमिन (सहायकस्तर चौंथो पद संख्या–१ पदहरुको खुल्ला प्रतिस्पर्धात्मक परीक्षाद्वारा पदपूर्ति गर्न पदपूर्ति समितिको सचिवालय धनकुटा नगरपालिकाले २०६७ साल भदौ १० गते बुधबार गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी दरखास्त माग गरेको थियो । धनकुटा नगरपालिका कार्यालयले मिति २०६७/०७/३० गते मंगलबार गोरखापत्र राष्ट्रिय दैनिकमा अत्यन्त जरुरी सूचना प्रकाशन गरी प्रकाशित विज्ञापनहरुको परीक्षा पछि सूचना प्रकाशन गरी सञ्चालन हुने गरी हाललाई परीक्षा कार्यक्रम स्थगित गरेको थियो । उक्त स्थगित भएको विज्ञापनको परीक्षा तालिका प्रकाशन गरी लिखित मौखिक परीक्षा सञ्चालन गरी उमेद्वार सिफारिस गर्न हाल मौजुदा पदपूर्ति समितिलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.१५

धनकुटा नगरपालिका वडा नं. ६ को स्वीकृत वार्षिक कार्यक्रम ब.शि.नं. २२५१२ मा स्वीकृत बाल क्लब शिर्षकलाई परिवर्तन गरी कृषि अनुदान कार्यक्रम कायम गर्ने र ब.शि.नं. २२५१२ कृषि सम्बन्धि तालिम शिर्षकलाई पनि परिवर्तन गरी कृषि अनुदान कार्यक्रम कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

धनकुटानगरपालिका वडा नं. ५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ब.शि.नं. २२५२९ बालबालिकाहरुको ३९ सूचक प्राप्तीको लागि कार्यक्रम (वडा समितिले निर्णय गरी गर्ने) मा स्वीकृत रकम रु.३,००,०००।–(तिन लाख) लाई शिर्षक परिवर्तन गरी निम्नानुसार शिर्षकगत बाँडफाँड गर्ने निर्णय गरियो ।

निम्न

१. टुंडिखेल टोलवस्तीको सडक मर्मत रु.५०,०००।–

२. वडानं ५ मा रहेका बाल क्लब विच हाजिरी जवाफ प्रतियोगिता रु.८०,०००।–

३. युवा लक्षित कार्यक्रम रु.७०,०००।–

४. वातावरण सरसफाई कार्यक्रम रु.१,००,०००।–

निर्णय नं.१७

धनकुटा नगरपालिका वडा नं. ५ को स्वीकृत वार्षिक कार्यक्रम ज्ञानमन्दिर ट्रस निर्माणको शिर्षक परिवर्तन गरी लक्ष्मी नारायण मन्दिर रेलिङ्ग निर्माण कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

धनकुटा नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम ब.शि.नं.३११५९ देब्रेबास पार्क निर्माणमा स्वीकृत रकम रु.४,००,०००।– मध्येबाट जिल्ला प्रहरी कार्यालयको नयाँ भवन व्यवस्थापनको लागि रु.२,००,०००।–(दुई लाख) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१९

चालु आ.व. को चालु खर्चलाई निम्नानुसार रकमान्तर गरी खर्च व्यवस्थापन गर्ने र अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| सि. नं. | खर्च शिर्षक | खर्च संकेत नं. | श्रोत समूह | शुरु बजेट | थप | घट | अन्तिम बजेट |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय भत्ता | २११३१ | राजश्व बाँडफाँड–संघ | १५०० | | ५२८ | ९७२ |
| २ | महंगी भत्ता | २११३२ | ,, | २००४ | | २०० | १८०४ |
| ३ | योगदानमा आधारित निबृत्तभरण तथा उपदान कोष खर्च | २१२१२ | ,, | ३०० | | १५० | १५० |
| ४ | पानी तथा विजुली | २२१११ | ,, | १२०० | | ४०० | ८०० |
| ५ | औषधी उपचार खर्च | २११२३ | ,, | ५०४ | | ५०४ | ० |
| ६ | महिला स्वयम सेविका | २११३५ | समानीकरण–संघ | ३०० | | ५० | २५० |
| ७ | अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार | २२२९१ | राजश्व बाँडफाँड–संघ | ३०० | | ३०० | ० |
| ८ | सीप विकास तथा जनचेतना तालिम गोष्ठी | २२५१२ | आन्तरिक श्रोत | ५०४ | | ५०४ | ० |
| ९ | आन्तरिक ऋणको सेवा शुल्क | २४२१२ | आन्तरिक श्रोत | ५ | | ५ | ० |
| १० | जन्म दर्ता प्रोत्साहन भत्ता | २२५२२ | प्रदेश नं. १ समानीकरण | ३०० | | २०० | १०० |
| ११ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि | २२६१३ | आन्तरिक श्रोत | १५६ | | १५६ | ० |
| १२ | न्यायिक फिर्ता | २८२१२ | आन्तरिक श्रोत | १९२ | | १९२ | ० |
| १३ | राजश्व फिर्ता | २८२११ | आन्तरिक श्रोत | १९२ | | १९२ | ० |
| १४ | इन्धन पदाधिकारी | २२२११ | राजश्व बाँडफाँड संघ | १४४० | ५५३ | – | १९९३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | इन्धन कार्यालय | २२२१२ | ,, | १२०० | ५२८ | – | १७२८ |
| १६ | सवारी साधन मर्मत | २२२१३ | ,, | ३००० | १०५० | – | ४०५० |
| १७ | कार्यालय सामान मसलन्द | २२३११ | ,, | २५८० | १२५० | – | ३८३० |
| | जम्मा | | | १५६७७ | ३३८१ | ३३८१ | १५६७७ |

निर्णय नं. २०

चालु आ.व.मा आन्तरिक श्रोतबाट (राजश्व) सञ्चालन हुने योजना तथा कायक्रमको रकमान्तर तथा व्यवस्थापन निम्नानुसार गरी अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम/आयोजना/कियाकलापकोनाम | खर्चउपशिर्षक | स्रोतसमूह | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | करुणा बंगुर फर्म धनकुटा २- व्यवसायिक बंगुर पालन | ३११३१ | अन्तरिक श्रोत | १०० | |
| २ | पर्यटन बर्ष २०२०प्रबर्धनका लागि एकिकरण पदमार्ग पदयात्रा | २२५२२ | अन्तरिक श्रोत | १५६ | |
| ३ | टेकुनाला उत्थान कृषक समुह धनपा-८ नश्ल सुधार तथा कृतिम गर्भाधानसचेतना कार्यक्रम | २२५१२ | अन्तरिक श्रोत | २५ | |
| ४ | संयुक्त महिला समुह धनपा- १- पोते जडान सम्बन्धि तालिम | २२५१२ | अन्तरिक श्रोत | ४० | |
| ५ | धर्मगंगा फलफुल नर्सरि धनपा- बिरुवा खरिद | २२५२२ | अन्तरिक श्रोत | २८५ | |
| ६ | धनकुटा मौरि पालक कृषि स.सं.लि.- मौरिपालन सम्बन्धि तालिम | ३११३१ | अन्तरिक श्रोत | ५० | |
| ७ | मालपोत कार्यालय धनकुटा- कार्यालय श्रेस्ता बाईन्डिङ तथा संरक्षण | २२५२२ | अन्तरिक श्रोत | ३०० | |
| ८ | खहरे टोल कृषक समुह धनपा-९ बोयर बोका खरिद | ३११३१ | अन्तरिक श्रोत | १०० | |
| ९ | आप्रबासन सम्बन्धि कार्यक्रम -समृद्दि कार्यक्रम | २२५२२ | अन्तरिक श्रोत | १४३ | |
| १० | साबकाई तरकारी उत्पादक कृषक सहकारी धनपा- १ किबिको बिरुवा खरिदकार्यक्रम | ३११३१ | अन्तरिक श्रोत | २०० | |
| ११ | अन्य सहायता | २५३१५ | अन्तरिक श्रोत | ६० | |
| १२ | आठपहरिया फोक्सिम ब.कृषि फर्म धनपा-८ व्यवसायिक पशसपालन तथा घाँसउत्पादन | २२५२२ | अन्तरिक श्रोत | १०० | |
| १३ | अन्य सामाजिक सुरक्षा | २७११२ | अन्तरिक श्रोत | १८० | |
| १४ | नेपाल तामाङ्ग घेदुङ्ग- ल्होसार कार्यक्रम संचालन | २२५२२ | अन्तरिक श्रोत | ५० | |
| १५ | नेपाल तामाङ्ग घेदुङ्ग नगर समिति धनकुटा | २२५२२ | अन्तरिक श्रोत | २५ | |
| | जम्मा | | | २३१४ | |

निर्णय नं.२१

कन्टिन्जेन्सी र मर्मत सम्भार कोषबाट निम्नानुसारका कार्यक्रम स्वीकृत गरी अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | खर्चउपशिर्षक | स्रोतसमूह | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | DS कृषि फर्म खोर निर्माण सुधार | ३१११३ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | १०० | |
| २ | श्री लक्ष्मी कृषि फर्म तथा भिमसेन कृषि फर्म धनपा- ६- टेम्पो खरिद | ३११२१ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | ३०० | |
| ३ | जिल्ला प्रशासन कार्यालय धनकुटा -सिसि क्यामेरा जडान | ३११२२ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | १२० | |
| ४ | मार्गा टोल बस्ति संगठन- साउन्ड सिस्टम खरिद | ३११२२ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | १५० | |
| ५ | पृथ्वी मार्ग टोल बस्ति संगठन सडक निर्माण | ३११५१ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | ५० | |
| ६ | त्रिसुले टोल बस्ति संगठन खानेपानि जडान | ३११५६ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | १७५ | |
| ७ | जुमा एग्रो फर्म धनपा- २ नमुना कृषि फर्म निर्माण | ३११५९ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | १०० | |
| ८ | विश्वकर्मा टोल बस्ति संगठन- मुगा खोला पार्टि निर्माण | ३११५९ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | २५० | |
| ९ | माईदेवि मन्दिर धनपा-६- मंदिर स्तरोन्नति | ३११६१ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | १०० | |
| १० | ५२ चुले भवन मर्मत सम्भार- पुजारी टोल बस्ति संगठन | ३११६१ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | १०० | |
| ११ | धनकुटा बसपार्क बिस्तृत अध्ययन- DPR | ३११३२ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | ५०० | |
| | जम्मा | | | १९४५ | |

निर्णय नं. २२

धनकुटा नगरपालिका वडा नं. ५ विहिवारे हटियामा निर्माण हुने पशुवधशाला भवन (Slaughter House) को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) का लागि तयार गरिएको कार्य विवरण (TOR) बैठकबाट अनुमोन हुने गरी भएको स्वीकृतीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

धनकुटा नगरपालिकाका १० वटै वडा कार्यालयहरुको कामका लागि वडाध्यक्षहरुले प्रयोग गरि रहनु भएको मोटरसाइकल बर्षको एक पटक रु.१०,०००।–(दश हजार) मा नबढ्ने गरी मर्मत तथा सर्भेसिङ्ग गरि दिने निर्णय गरियो ।

निर्णय नं. २४

धनकुटा नगरपालिका क्षेत्रका अधिकांश युवाहरु रोजगारीको सिलसिलामा बेदेशिक रोजगारमा संलग्न रहेका छन् । जेष्ठ नागरिक, अशक्त अपाङ्ग, महिला मात्रै घरमा रहेका हुनाले सडक निर्माण कार्यमा मजदुर अभाव भई कठिनाई उत्पन्न भएको छ । धनकुटा नगरपालिका क्षेत्र भौगोलिक रुपमा कडा चट्टानयुक्त माटोबाट बनेको छ । युवा जनशक्तिको अभाव र भौगोलिक अवस्था समेतलाई मध्यनजर गरी मेशिनरी औजार प्रयोग गरी सडक निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.२५

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, कार्यक्रम समन्वय इकाई ललितपुरको मिति २०७६/०६/२४ गते स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधी २०७६ को दफा ३ वमोजिम प्रस्ताव पेश गर्न प्रकाशित सूचना अनुसार धनकुटा नगर कार्यपालिकाको कार्यालयको प्रशासकीय भवन निर्माणका लागि तयार भएको रु.४,५९,६४,०००।–(चार करोड उन्साठी लाख चौसठ्ठी हजार) को ल.इ. स्वीकृत गरी सूचनाले माग गरेका अन्य विवरण संलग्न राखी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभागमा प्रस्ताव पठाउने निर्णय गरियो ।